अनुमोदन राष्ट्रिय दैनिक
anumodankhabar.com

अधिकार सम्पन्न, समृद्ध र सुन्दर सुदूरपश्चिमको आवाज

# अनुमोदन

राष्ट्रिय दैनिक

स्वास्थ्य र सौन्दर्यका लागि
शरिरको अनावश्यक तौल घटाउने स्लीम प्लस । Hot shapper belt
दुब्लो पातलो शरिरको तौल बढाउने ।
अनुहारको चाँयापोतो, डन्डीफोर हटाउने क्रिम पाईन्छ ।
सम्पर्क
स्वास्थ्य सरोकार केन्द्र
धनगढीः- ०९१-५२७४०६,९८०१५००९९९
टीकापुर :- ०९१-५६१२९९,९८५८४२१७७४

वर्ष : २२ | अंक २७९ | पृष्ठ ४ | साउन १२ सोमबार २०७७ | 27 Jul. Mon. 2020 , | नेपाल संवत ११४० | मूल्य रु. ५।-

# हस्तान्तण नहुँदै सडक उप्किन थाल्यो

•शेरबहादुर ऐर/धनगढी

कैलालीको धनगढीदेखि कैलारी गाउँपालिका जोड्ने हुलाकी सडकको कालोपत्रे ठाउँ–ठाउँमा उप्कदै गएको छ ।

हुलाकी सडक अन्तर्गत कैलालीको धनगढी क्याम्पसरोडदेखि कटैनीसम्मको सडक सम्बन्धित कायाृलय (सडक डिभिजन कार्यालय) लाई हस्तान्तरण नहुँदै ठाउँठाउँमा कालोपत्रे उप्किदै गएको छ ।

सो सडकखण्डमा रहेका केही कल्भर्टमा चिरा समेत परेका छन् । कतिपय कल्भर्टमा चिरा परेर ढलानको सरिया (फलामे छड) बाहिर निस्केको छ । कल्भर्टबाट निस्केका सरियाका कारण सवारी साधन चलाउन समेत निकै कठिनाई हुने गरेको चालकहरुले बताएका छन् । सो 'कल्भर्टमा चिरा परेर निस्किएका सरीयाका कारण सो क्षेत्रमा दैनिक दुर्घटनाको जोखिम बढेको छ' स्थानीय रुपमा तामाङले बताइन् ।

धनगढी फूलबारी सडक खण्डमा पहिलोपटक यात्रा गर्ने सवारी चालकलाई झनै सास्ती हुने गरेको धनगढी वडा नम्बर १५ का कलह चौधरीले बताए । उनले भने– धनगढीबाट फूलबारी–हसुलियातर्फ आउने यात्रुले ठाउठाउमा भत्किएका सडकका कारण निकै कष्ट भएको दुखेसो गर्ने गरेका छन् ।

हुलाकी सडक कार्यालयले गत भदौमा सो सडक मर्मतका लागि एक निर्माण कम्पनीसंग सम्झौता गरेको थियो ।

हुलाकी सडक डिभिजन कार्यालयले ३१ किलोमिटर लामो सडक मर्मतको लागि ४० लाख रुपैया बजेट विनियोजन गरेकोमा



क्याम्पसरोडदेखि कटैनीसम्मको हुलाकी सडकमा उप्किएको पिच । *तस्बिरः शेरबहादुर ऐर/अनुमोदन*

२४ लाख ५८ हजार चार सय रुपैयाँमा ठेक्का स्वीकृत गरेको थियो । ठेक्का पाएको निर्माण कम्पनीले पिच उप्केका ठाउँमा मर्मत गरेको हुलाकी सडक आयोजनाले जनाएको छ । 'पिच उप्केका ठाउँमा निर्माण कम्पनीले मर्मत गरेको थियो । तर, अहिले पुनः अन्य स्थानमा पिच उप्कने क्रम रहेको छ' आयोजना कार्यालयका सूचना अधिकारी पदम मडैले भने ।

गत भदौमा सडक मर्मताका लागि दुई चरणमा ठेक्का गरिएको थियो । क्याम्पसरोडदेखि फूलबारीसम्मको १५ किलोमिटर सडक मर्मतका लागि १२ लाख ६२ हजार नौ सय तथा फूलबारीदेखि कटैनीसम्मको सडक मर्मतका लागि ११ लाख ९५ हजार पाँच सय रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो ।

### *सडक चौडा बनाउन शुरू*

कैलालीको धनगढीदेखि टीकापुरको सत्तीसम्मको ४४ किलोमिटर हुलाकी सडक स्तरोन्नति गर्ने कार्य अघि बढेको छ ।

हुलाकी सडक आयोजना कार्यालय अर्न्तगत सडक स्तरोन्नतिका लागि ठेक्का भइ निर्माण कार्य अघि बढीसकेको जनाएको छ । हुलाकी सडक स्तरोन्नति अर्न्तगत क्याम्परोडदेखि तीन किलोमिटर चार लेन बनाइने छ भने अन्य ४१ किलोमिटर सडकलाई दुई लेनका रुपमा स्तरोन्नति गरिने छ ।

हुलाकी सडक आयोजना कार्यालयका सूचना अधिकारी मडैले भने –'चार चरणमा ठेक्का गरिएको छ ।' क्याम्पसरोडदेखि कनरीसम्म ३७ करोड, कनरीदेखि फूलबारीसम्म ३२ करोडको सम्झौता भएको *(बाँकी ३ पेजमा)*

कोभिड १९ संक्रमितको जिल्लागत अवस्थाः

| अछाम | बैतडी | बझाङ | बाजुरा | डडेल्धुरा | दार्चुला | डोटी | कैलाली | कन्चनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ६५१ | ३०३ | १७१ | ४४९ | २९५ | २० | ६०५ | १०७५ | ५१३ | ४,०८२ |

# विदेशबाट आएका सबैलाई क्वारेन्टिनमा राख्न निर्देशन

अनुमोदन समाचार/धनगढी

सुदूरपश्चिम प्रदेश सरकारले भारत लगायतका विदेशबाट फर्किएका सबै व्यक्तिलाई अनिवार्य रुपमा संस्थागत क्वारेन्टाइनमा राख्न मातहतका स्वास्थ्य कार्यालयलाई निर्देशन दिएको छ ।

केही स्थानीय तहले संस्थागत क्वारेन्टाइनमा नराखी होम क्वारेन्टाइनमा पठाइएको भन्दै सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयले भारत लगायत विदेशबाट नेपाल भित्रिएका सबै व्यक्तिलाई अनिवार्य संस्थागत क्वारेन्टाइनमा राख्न निर्देशन दिएको जनाइएको छ ।

मन्त्रालयले क्वारेन्टाइनमा पाँच दिन पुरा भएका सबै जनाको स्वाब छैटौ दिनमा संकलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला धनगढी वा डडेल्धुरा अस्पतालमा पठाउने व्यवस्था मिलाउन भनेको छ ।

स्वाब जाँचको नतिजा प्राप्त भएपछि मात्र नतिजाको आधारमा पोजेटिभ भएमा १४ दिन क्वारेन्टाइनमा अथवा आईसोलेसनमा बस्ने व्यवस्था मिलाउन पनि निर्देशनालयले भनेको छ । उक्त व्यक्तिको नतिजा नेगेटिभ आएमा थप ७ दिन होम क्वारेन्टाइनमा बस्ने गरी घर पठाउन मिल्ने मन्त्रालयले जनाएको छ ।

विदेशबाट नेपाल आएका व्यक्तिलाई सिधै होम क्वारेन्टाइनमा पठाउँदा कोरोना समुदाय स्तर फैलिन सक्ने भन्दै निर्देशनालयले सचेत गराएको छ । सुदूरपश्चिम प्रदेशका अधिकांश व्यक्तिहरुसँग होम क्वारेन्टाइनमा विभिन्न सुविधा आवास नभएकाले होम क्वारेन्टाइन जोखिमपूर्ण हुने निर्देशनालयको भनाई छ ।

**सुदूरपश्चिम प्रदेशमा कोरोना**

# निको भए २३०२ जना



अनुमोदन समाचार/धनगढी

सुदूरपश्चिम प्रदेशमा कोरोना भाइरस (कोभिड–१९) संक्रमणबाट आइतबारसम्म २३ सय बढी निको भएर घर फर्किएका छन् ।

निको हुनेको संख्या दुई हजार ३०२ पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सुदूरपश्चिम प्रदेशमा आइतबारसम्म दुई हजार ३०२ संक्रमितहरु निको भएर घर फर्किएका छन् ।

तर, अझैं पनि सुदूरपश्चिम प्रदेशमा अन्य प्रदेशहरुको तुलनामा कोरोना संक्रमितको संख्या अधिक छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डाक्टर जागेश्वर गौतमका अनुसार सुदूरपश्चिम प्रदेशमा अझै एक हजार नौ सय १८ संक्रमित आइसोलेसनमा *(बाँकी ३ पेजमा)*

# श्रीलंकाका पीडा

अनुमोदन समाचार/धनगढी

धनगढी उपमहानगरपालिकाको एउटा वस्ती जसको नाम कुनै देशसंग मिल्दो छ । कैलालीको गोदावरी नगरपालिका हुँदै पुग्ने धनगढीको त्यो वस्तीका नाम हो 'श्रीलंका' ।

मोहना नदीले तीन तिरबाट घेरेको छ । अघिल्तिर उत्तरपूर्व हुँदै मोहनामै मिसिने गेटी खोलाको उछाल पनि कम हुँदैन बर्खामा । तर आधारभूत आवश्यकताबाट पनि बञ्चित भएको स्थानीयको गुनासो छ । 'सरकारको नजरबाट 'श्रीलंका' जतिकै टाढा छ' स्थानीय जीतबहादुर चौधरी भन्छन्, 'न स्थानीय सरकारले नै हेर्दछ, नत प्रदेश र संघीय सरकारले नै ।'

करिव तीन सय मुक्तकमैया परिवार बस्ने यो गाउँका स्थानीयको गुनासो छ– 'जमिनको हक दिइएन । सरकारले श्रीलंकावासीलाई २०५७/०५८ मा जमिनको पूर्जा उपलब्ध गराएको थियो ।'

'लालपूर्जा छ, सरकारलाई कर पनि तिरिरहेका छौं' चौधरीले भने–'तर लालपूर्जा धितो राख्ने अधिकार छैन, केही काम गरौं भने पनि पैसा छैन, जमिन धितो राख्न पाईदैन ।' ध

नगढी उपमहानगरपालिका–१३ मा रहेको श्रीलंकामा मुक्तकमैया र भूमिहीन घरपरिवारको बसोबास छ । धनगढी–अत्तरिया ६ लेन सडक अन्तर्गत गेटाबाट



झन्डै तीन किलोमिटर पश्चिम रहेको यो गाउँ ०५७ पछि मात्रै 'श्रीलंका' बनेको हो । कुनै बेला मोहना नदीले यहाँका बासिन्दालाई बर्खामा खुब दुख दिन्थ्यो । 'होचो जमिनमा बस्ती बसाइएको थियो । मोहनामा पानीको बहाव बढ्ने वित्तिकै गाउँमा बाढी पस्थ्यो' स्थानीय दिलबहादुर चौधरी ती दुख सम्झदै भन्छन्, 'सानो टापुमा गएर बस्थ्यौं, बाढीबाट बच्न हामी बस्ने टापुका कारण यो ठाउँको नामनै 'श्रीलंका' रहन गयो ।'

हाल भने गाउँमा डुवानको समस्या नरहेको उनले बताए । 'मोहनाबाट गाउँमा पानी आउने नदीको स्थानमा अहिले तट्बन्धन गरेर बाँध लगाएको छ' उनले भने– 'तट्बन्धनपछि गाउँमा पानी आउन छोडेको छ । अहिले बाढीको समस्या त टरेको छ । तर, बर्खामा पानीको निकास नहुँदा समस्या छ ।'

गाउँलाई डुबान र बाढीबाट मुक्त बनाउन गाउँकै तत्कालीन भल्मन्सा बन्धुराम चौधरीको योगदान रहेको स्थानीय तारा चौधरीले बताए । ती बन्धुरामको हाल निधन भइसकेको छ । 'हालको गोदावरी नगरपालिका–५ स्थित मुक्तकमैया शिविरबाट श्रीलंका आएका हामीलाई यहाँ (श्रीलंका) बस्न निक्कै मुस्किल थियो' उनले भने–'तर तत्कालीन भल्मन्साले ठूलो संघर्ष गरेर लालपूर्जा प्राप्त गरेका थिए ।'

मुक्तकमैया वस्तीबाट उनीहरूलाई ०५७ सालमा श्रीलंकामा सारिएको थियो । जीत डुवानमुक्त *(बाँकी ३ पेजमा)*

# छुट्टाछुट्टै घटनामा तीनको मृत्यु

### *करेन्ट लागेर दुईको मृत्यु*

अनुमोदन समाचार/धनगढी

कैलाली, बझाङ र बैतडीमा तीन छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु भएको छ ।

प्रहरीका अनुसार कैलालीको गोदावरी नगरपालिका वडा नम्बर ४ का ३० बर्षीय पुलसिंह कश्यपको करेन्ट लागेर मृत्यु भएको छ ।

आईतबार दिउँसो उनको आफनै वेल्डिङ पसलमा काम गर्ने क्रममा करेन्ट लागेको मालाखेती प्रहरीका डिएसपी ज्ञानबहादुर विष्टले जानकारी दिए ।

करेन्ट लागेर घाईते भएका पुल सिंहको पदमा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । उनको शव पोष्टमार्टमका लागि सेती प्रादेशिक अस्पताल धनगढी पुऱ्याएको डिएसपी विष्टले जानकारी दिए ।

बैतडीमा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ । जिल्लाको सिगास गाउँपालिका वडा नम्बर ९ चुवाकी ५६ वर्षीया जुना चन्दको करेन्ट लागेर मृत्यु भएको इलाका प्रहरी कार्यालय पाटनले जनाएको छ । *(बाँकी ४ पेजमा)*

दुई कोठा भाडामा

धनगढी उपमहानगरपालिका वडा नं. ८ सेतोपुल नजिकै (क्याम्पस रोड) जाने बाटोमा पक्की घर भएको २ कोठा पक्की भएको र भाडामा लिन चाहने महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला । साथै सबै सुविधा भएको र घर भाडा प्रति कोठा रु. १५००।– मात्र ।

सम्पर्क नम्बर
९८०४६०९३२२

## सम्पादकीय......................

# सधैं उपेक्षाको पीडा

मुलुकमा संघीय गणतान्त्रिक व्यवस्था लागू भइसकेको छ । संविधानले प्रत्येक नागरिकलाई समान रुपमा शिक्षा, स्वास्थ्य, खानेपानी, आवास, विद्युत, सञ्चार लगायतका आधारतभूत आवश्यकताको परिपूर्ति गर्ने सुनिश्चित गरेको छ । सबै नागरिकलाई यी आधारभूत आवश्यकताहरु सहज रुपमा पुराउनु राज्यको दायित्व हो । तर, अहिले पनि कतिपय वस्ती, समुदाय, समुह आधारभूत सेवा पाउनबाट बञ्चित भइरहेको छ । कैलालीको गोदावरी नगरपालिकाको गेटीस्थित मुक्त कमैया शिविरका बासिन्दा अहिले पनि राज्यबाट पाउनुपर्ने आधारभूत सेवासुविधाबाट बञ्चित रहेका छन् । सरकारले दुई दशकअघि कमैया प्रथा निषेध गरेपछि कैलाली लगायत पश्चिम नेपालका पाँच जिल्लाका कमैयाहरु अर्धदाशताको अवस्थाबाट मुक्र भएका थिए । दशकौंदेखि अर्धदाशताको जीवन बाच्न बाध्य पारिएका मुक्त कमैयाहरुको पुनर्स्थापनासहित आवास, रोजगारी, शिक्षा, स्वास्थ्य लगायतको व्यवस्था गर्ने दायित्व पनि सरकारको नै थियो । मुक्तिको दुई दशकको अवधिमा अधिकांस मुक्त कमैयाहरुको पुनर्स्थापना भइसकेको छ । कैलालीमै पनि दर्जनौ स्थानमा मुक्र कमैया वस्ती बनाइएको छ, तर गेटीस्थित मुक्त कमैया वस्ती अहिले पनि आधारभूत आवश्यकताबाट पनि बञ्चित रहेको छ ।

गेटीस्थित मुक्त कमैया वस्तीमात्रै होइन, अन्य थुप्रै वस्ती पनि अहिले पनि राज्यबाट पाउनुपर्ने सेवासुविधाबाट बञ्चित छन् । राज्यले जबसम्म प्रत्येक नागरिकलाई समान रुपमा सेवासुविधा प्रदान गरिरहेको अनुभूति दिनसक्दैन, तबसम्म नागरिकले राज्यबाट न्यायोचित व्यवहार भएको महसुस गर्न सक्दैनन् । अहिले संघीय, प्रदेश र स्थानीय गरि तीन तहका सरकार छन् । तर, अहिले पनि कतिपय वस्ती, समुदाय आधारभूत सेवासुविधाबाट समेत बञ्चित भइराख्नुपर्ने अवस्था रहनु निश्चय पनि बिडम्बना मान्नु पर्दछ । यसले अहिले पनि राज्यको व्यवहार सबै नागरिकका प्रति समान छैन भन्ने देखिन्छ । संविधानले मौलिक हक अन्तर्गत अधिकारको लामो सूचीको व्यवस्था गरेको सन्दर्भमा कोही पनि नागरिक संविधानले व्यवस्था गरेका कुनै पनि अधिकारबाट बञ्चित हुनु भनेको सरकारहरुको कार्यशैली र व्यवहारमाथिकै प्रश्नचिन्ह हो भन्ने आरोप मात्रै हुनसक्दैन । पक्कै पनि राज्यसंग उपलब्ध स्रोतसाधनबाट एकैचोटी सबैका आवश्यकताहरु पुरा गर्न कठिन हुन्छ नै, तर राज्यको स्रोतसाधनको वितरणबाट कोही कसैले पनि आफूमाथि भेदभाव भएको महसुस गर्ने अवस्था हुनु हुदैन । गेटीस्थित मुक्त कमैया वस्ती होस् वा अन्य कोही पनि वस्ती वा समुदाय हुन् प्रत्येकले सधैं राज्यबाट उपेक्षित भइराखेको महसुस गर्दा उन्नतभन्दा उन्नत भनिएका राज्यव्यवस्थाप्रति जनताको आस्था कमजोर हुन्छ भन्ने बोध हुनै पर्दछ ।

गाउगाउमा सिंहदबार नारा मात्रै होइन भने प्रत्येक स्थानीय सरकारहरुले आफ्ना नागरिकहरुलाई सरकार भएको अनुभूति दिएकै हुनु पर्दछ । विकासको अर्थ बाटो, सडक, पुलपुलेसा वा गगनचुम्बी भवन, ठूला बजार, वा अन्य यस्तै भौतिक संरचना मात्रै होइनन् । मुख्य सवाल आम नागरिकले आफूले न्यायोचित रुपमा राज्यबाट पाउनु पर्ने सेवासुविधाको सहज रुपमा प्राप्त गर्न सकेको अनुभूति गर्नु नै हो । सबेभन्दा कमजोर वा पिछडिएका क्षेत्र, वर्ग, समुदाय, वस्तीलाई राज्यले बढीभन्दा बढी ध्यान दिएको अवस्था नै लोककल्याणकारी राज्यको परिचायक हो ।

# कोभिड–१९ पछिको विश्व आर्थिक कूटनीति

हरिबोल काफ्ले

कूटनीतिमा विशेषतः आर्थिक र वित्तीय औजारहरूको प्रयोग गरी मुलुकहरूले वैदेशिक नीति र योजनाअनुरूप प्रभाव बढाउने परिपाटी बलियो बन्दै गएको छ । मुलुकहरूले राष्ट्रिय र सामरिक स्वार्थका लागि उचित वा अनुचित सबै विषयलाई अन्य मुलुकसागको सम्बन्धमा स्वीकारयोग्य किसिमले स्थापित गराउने प्रयास गरिरहेका हुन्छन् ।

शीतयुद्धको अन्त्यसँगै विश्व राजनीतिमा आर्थिक कूटनीतिको अभ्यासमार्फत शक्ति राष्ट्रहरूले आफनो स्वार्थअनुकूल उपलब्धि प्राप्त गरिरहेका छन् । आर्थिक अनुदान, ऋण सहयोग, लगानीदेखि व्यापारिक गतिविधिमा भएको ठूलो अंकको अभिवृद्धिले विश्वका शक्ति राष्ट्रहरू आर्थिक कूटनीतिमा हौसिएका हुन् । विश्व व्यापार संगठनको प्रादुर्भावपछि व्यापार र वाणिज्य कूटनीतिको उपयोग झन् बढी हुन थाल्यो । विशेषतः आफनो वैदेशिक नीतिअनुसारका रणनीतिको कार्यान्वयनका लागि शक्ति राष्ट्रहरूले आर्थिक प्रलोभन वा औजारहरूको परिचालन गर्न थाले ।

आर्थिक कूटनीति समग्र कूटनीतिक अभ्यासको सामान्य परिधि वा व्यवहारभन्दा विशेष हुन्छ । आर्थिक कूटनीति विश्वव्यापी ठूला द्विपक्षीय वा बहुपक्षीय सहकार्यमार्फत प्रभावकारी कार्यान्वयनमा लैजाने ध्येयले गरिन्छ । आर्थिक कूटनीतिलाई उपयोग गर्ने मुलुकहरू दुई कित्तामा विभाजित भए र त्यो नयाा विभाजनको रेखा दीर्घकालीन बन्यो । एउटा पक्षमा शक्तिसम्पन्न मुलुकहरू छन् र उनीहरूले शीतयुद्धपछि विश्वलाई ध्रुवीकृत गर्दै गएका छन् । त्यसैगरी अर्को पक्षमा गरीब मुलुकहरू जो शक्ति मुलुकहरूको दान, दातव्य, व्यापार वा सहयोगमा निर्भर छन् । यसर्थ आर्थिक कूटनीति एउटा अदृश्य संरचनाका रूपमा स्थापित भयो र कुनै पनि निहित उद्देश्य पूर्ति गर्न आर्थिक परिचालन र खर्च गर्ने सोच बलियो बन्दै गयो । नवउदारवादले पनि यो अभ्यासलाई मलजल गऱ्यो । वस्तुको व्यापारिक प्रवर्द्धन गर्ने उद्देश्यले बहुराष्ट्रिय कम्पनीहरू खडा भए । उनीहरूको उद्देश्यलाई समेत आफनो रणनीतिमा समावेश गरेर आर्थिक कूटनीतिको परिचालन हुँदै आएको छ । आफनो मुलुकको आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउन कम्पनीहरू पनि महत्वपूर्ण भूमिकामा उत्रिए ।

बीसौं शताब्दीमा वैदेशिक नीति राज्यको अन्य नीतिजस्तै विदेश मामिलाका बारेमा गरिने कार्ययोजनाहरूको दस्तावेज थियो । त्यसले आफनो पकड अरू राज्यमाथि कसरी जमाउने र शक्तिको उपयोग कसरी गर्ने भन्नेमा मात्र केन्द्रित थियो । सन् १९८० पछि भने शक्ति मुलुकहरूले आफनो सञ्चित धनको उपयोगमार्फत कूटनीतिलाई अगाडि बढाउने प्रयास गरे र यो अतिप्रभावकारी देखियो । त्यसपछि क्रमशः उनीहरू गरीब राज्यहरूको निर्णय र नीतिगत तहमा समेत आफनो प्रभाव राख्न सफल भए ।

विस्तारै आर्थिक कूटनीति यस्तो औजारका रूपमा मान्न थालियो, जसले सम्पूर्ण आपसी विवादसमेत बिर्सेर ती राज्य एकआपसमा प्रगाढ सम्बन्ध विस्तारका लागि बाध्य हुने अवस्थामा पुगे । उदाहरणका लागि अमेरिकाको एप्पल आइएन्सीले ट्रम्प प्रशासनलाई चीनका विरुद्धमा थप उद्वेलित नहुन र रणनीतिक रूपमा पछाडि हट्न बाध्य बनाउने हैसियत खडा गरेको छ । त्यसैगरी अलिबाबाले पनि चीनलाई अमेरिकाका विरुद्ध नीतिगत निर्णयहरू नचाल्न प्रेरित गरिरहेको हुन्छ ।

आफनो राष्ट्रिय स्वार्थका लागि अरूको सामरिक स्वार्थमाथि पनि पैसाका माध्यमबाट हस्तक्षेप गर्ने परम्परा आर्थिक कूटनीतिले ल्याएको छ । अहिले नेपालमा चर्किएको मिलेनियम च्यालेन्ज कर्पोरेशनको विवाद पनि यसैको उदाहरण हो । जब नवउदारवादको प्रश्रयपछि आर्थिक कूटनीतिको नवीनतम अवधारणा प्रादुर्भाव भएको थियो, गरीब मुलुकहरूले लाभ उठाउँदै जान थाले । फलस्वरूप नेपाललगायत मुलुक मिलेनियम च्यालेन्ज कर्पोरेशनको सहयोग तिरस्कार गर्न सक्छन् न त बीआरआईलाई छोड्न सक्छन् । अमेरिकाले विश्वव्यापी रूपमा आफनो हस्तक्षेप पैसाबाट शुरू गरिसकेपछि अन्य मुलुक पनि सोही तहमा उत्रनु अस्वाभाविक थिएन । तसर्थ गरीश मुलकहरूमाथिको आर्थिक हस्तक्षेपको तह यति गहिरियो कि त्यसले धर्म, संस्कृति, रीतिरिवाजदेखि जनजीवनमा समेत ठूला प्रभावहरू देखापरे ।

पछिल्लो उपक्रममा भने विश्व व्यवस्थामा परिवर्तन अनुभूत हादै छ र अमेरिकाको दबदबा पनि घट्न थालेको महसूस भइरहेको छ । चीन शक्ति मुलुकका रूपमा उदाउँदै गएकाले पश्चिमा जगत् तर्सिएको देखिन्छ । चीनले विश्वभर आर्थिक कूटनीतिको माध्यमबाट आफनो प्रभाव बढाउने संकेत गरिसकेको छ । पुरानो रेशममार्गको परिष्कृत रूप बेल्ट एन्ड रोड इनिसेटिभको बृहद् परियोजना अगाडि सारेको छ । यससँगै पश्चिमा मुलुकहरूले उसको प्रभावलाई रोक्ने ध्येय छोडेका छैनन् भने रणनीतिक रूपमा चीन अगाडि आएपछि पनि अर्थकूटनीतिलाई रणनीतिक औजारको प्रयोग गर्ने होड चलिरहेको छ । पश्चिमाहरूको मिशनमा आबद्ध मुलुकहरूले समग्र एशियासहितको प्रशान्त महासागरको क्षेत्रलाई एउटै योजनामा जोड्ने अर्को अस्त्र फालेका छन् । कतिपयले अहिलेको परिस्थितिलाई अमेरिकाको वर्चस्वलाई विस्थापित हुने अवस्थाका रूपमा व्याख्या गरिरहेका छन् । तर, अमेरिकी मुद्राको प्रभाव, अमेरिका केन्द्रित बहुराष्ट्रिय कम्पनीहरू विस्थापित हुन हिचकिचाइरहेको र चिनियाँ उत्पादनहरू विश्वव्यापी रूपमा तिरस्कृत भइरहेको परिप्रेक्ष्यमा चीन रणनीतिक रूपमा कसरी अगाडि बढ्छ र सफल हुन्छ भन्ने हेर्न बाँकी छ ।

चीनवाट कोभिड–१९ को महामारी विश्वव्यापी रूपमा जसरी फैलियो त्यसबाट प्रताडित हुनेमा अर्को शक्ति मुलुक अमेरिका पहिलो रोलक्रममा देखियो । महामारीसँगै सबै शक्ति मुलुकहरू जिउधनको रक्षा गर्न रक्षात्मक नीति अवलम्बन गर्न बाध्य भए । विश्व अर्थतन्त्रमा बन्दाबन्दी सिलसिलाहरू चल्यो र त्यसको असर सबै मुलुक भोग्न बाध्य भए । विश्वले ठूलो आर्थिक मन्दी भोग्नुपर्ने देखियो भने आर्थिक कूटनीतिमा परिवर्तनका संकेतहरू देखा परेका छन् । कोभिड–१९ पछाडि नवउदारवादको समय पनि सकिएको र विश्व अर्थतन्त्रले अब अर्को कुनै वाद भोग्ने तर्कहरू उठेका छन् । त्यो कुन वा कस्तो वाद हुनेछ भन्ने स्पष्ट छैन । नयाँ वादसँगै अर्थकूटनीति कुन माध्यमबाट अगाडि बढ्छ त्यो देख्न दशकको अभ्यास नियाल्नु आवश्यक हुन्छ ।

कोभिड–१९ को महामारीसँगै यसको प्रतिकार कसरी गर्ने भन्ने सबालमा पनि मतभेद देखियो । अमेरिका, ब्राजिललगायत देश विश्व स्वास्थ्य संगठन चेतावनीको प्रतिकारमा उत्रिए भने चीनसहितका मुलुक विश्व स्वास्थ्य संगठनसाग झन् नजिकिए । चीनले महामारी फैलिएको क्षेत्रमा सहयोग बढायो भने अर्को पक्षले चीनको नीतिलाई मास्क–डिप्लोमेसी अर्थात् मास्क बाड्ने स्तरको कूटनीतिको संज्ञा दिए । तर, प्रविधि कम्पनीहरूले भने एकीकृत विश्वका बजारमा ध्यान दिए । फलतः जूम, नेटफ्लिक्स, अमेजन, पेपल, अलिबाबाको शेयर मूल्य उचालियो, केही अपवादका रूपमा चिनियाँ प्रविधिमाथिको प्रतिकार पनि देख्न पाइयो । व्यापारदेखि यात्रामाथि प्रतिबन्ध लगाइयो भने महावाणिज्यदूतावास समेत बन्द गराउने रणनीतिमा केही मुलुकहरू लागे । नस्लीय विभेदका घटना पनि यस क्रममा कतैकतै देखिए । यी घटनाले परम्परागत आर्थिक कूटनीतिका बारेमा सोच्न बाध्य बनाएको देखिन्छ ।

चीनले आफनो अर्थकूटनीतिक अभ्यासलाई निरन्तर जारी राखेको छ र आर्थिक उपलब्धिमा कुनै पनि जोखिम नरहेको अभिव्यक्ति दिइसकेको छ । पश्चिमी जगतको विभिन्न प्रयासका बीच चीन पनि शक्तिको रूपमा उदाउने निश्चित भइसकेको छ । परम्परागत अर्थकूटनीतिको उद्भव पूँजीवादी व्यवस्थाले पक्षपोषण गरेको अवस्था थियो भने चीनको अर्थराजनीतिक धरातल फरक थियो ।

यो अवस्थामा अबको अर्थकूटनीतिले कस्तो धरातलीय स्वरूप ग्रहण गर्ने हो, त्यो प्रतीक्षा गर्नु आवश्यक छ । हाम्रो सन्दर्भमा भने अर्थकूटनीतिको प्रयोग र धरातलीय परिस्थिति उल्टनु आवश्यक छ । आजसम्मको प्रयोगमा विशेषतः ठूला मुलुकहरूले आफनो स्वार्थअनुकूलका प्रपोगान्डा बिकाउने सामर्थ्य राख्थे भने गरीब मुलुकहरू सहयोगका पछाडि सधैं दौडने गर्थे । महामारीको पृष्ठभूमिमा अबको उपयुक्त विकल्पको आर्थिक कूटनीतिको अभ्यास गरीब मुलुकहरूको स्वाधीनताको समेत रक्षा गर्ने प्रकृतिको हुनुपर्ने देखिन्छ ।

*सांभारः अभियान राष्ट्रिय दैनिक*

# निजामती सेवा : उमेर हद र खुला प्रवेश

शान्ता पोखरेल

सार्वजनिक प्रशासनको क्षेत्रमा निजामती सेवा मूल हो । अन्य सरकारी तथा सार्वजनिक क्षेत्रका सेवालाई बाटो देखाउने भएकाले यसको निर्देशक कानुनमा स्पष्ट सिद्धान्त, मापदण्ड तथा धारणा अभिव्यक्त हुनुपर्छ । नेपालमा शासकीय पुनर्संरचनाको क्रमसँगै उमेर हद र छड्के प्रवेशको प्रसंग निकै पेचिलो बनिरहेको छ । नेपालमा प्राध्यापन, शिक्षण, न्याय सम्पादन, स्वास्थ्य तथा निगरानी निकायका पदाधिकारीहरूको उमेर हद र निजामती सेवाको उमेर हदबीच सामञ्जस्यता छैन । यसमा एकरूपता हुनुपर्ने आवाजहरू उठे तापनि ग्लास सिलिङको अवस्था हुँदा सम्बोधन हुन नसकेको अवस्था छ ।

त्यसैगरी, निजामती सेवामा नयाँ रक्त संचारको विषय बहसमा छ । कहिले पुराना कर्मचारी सबै हटाएर नयाँबाट काम गराउनुपर्छ भनिन्छ त कहिले छड्के प्रवेशमार्फत विद्यमान संयन्त्रमा रूपान्तरण ल्याइने कुरा सुनिन्छ । यसबाट बहालवाला कर्मचारीमा त्रास फैलाउने तथा अन्यत्र पेसा, व्यवसायमा स्थापित हुँदै गरेकालाई आशा देखाउने काम भए जस्तो देखिन्छ । तथ्यपूर्ण अध्ययन–अनुसन्धानमा आधारित भएर निजामतीजस्तो गौरवशाली इतिहास बोकेको प्रतिष्ठित पेसामा रूपान्तरणको प्रसंग उठ्नु स्वाभाविक नै हुन्छ तर परिवर्तित सन्दर्भको निहुँमा अस्वस्थ चलखेल हुनु दिगो कर्मचारीतन्त्रका लागि त्यति सान्दर्भिक नहोला ।

छड्के प्रवेश तथा उमेर हदको विषयमा नीतिगत व्यवस्था गर्दा प्रतिपादित सिद्धान्त, विकसित तथा विकासोन्मुख मुलुकको अभ्यास, भूराजनीतिक अवस्था, सामाजिक संरचना, राजस्वको क्षमता तथा राजस्व स्रोतको दिगोपना, उद्यमशीलता विकास, उत्पादनमूलक उद्योगको बढोत्तरी, राजनीतिक संस्कार, नागरिक चेतनाको स्तर, रोजगारीको अवसर, पूर्वाधारको अवस्था, सामाजिक मूल्य–मान्यता तथा समग्रमा मानव विकास सूचकांकलाई समेत ध्यान दिनु आवश्यक छ । निर्देशित मानसिकताबाट एकपक्षीय धारणाले नीतिगत संक्रमणता दोहोरिइरहन सक्छ ।

निजामती सेवा ऐन, २०१३ जारी हुँदा नेपालीको औषत आयु आजको भन्दा धेरै कम तर उमेर हद ६० वर्ष थियो । २०४९ कात्तिक २१ गतेभन्दा अगाडि निजामती सेवामा प्रवेश गर्नेहरूलाई ६० वर्ष उमेरसम्म सेवा गरे बराबरको सेवा अवधि मानेर निवृत्तिभरण दिने व्यवस्था हालसम्म पनि छ । हाल नेपालीको औषत आयु पहिलेभन्दा बढेको छ । यसो हुँदा अन्य सरकारी सेवासरह निजामती कर्मचारीको उमेर हद पनि बढाउनु उपयुक्त हुन्छ । यसका लागि वार्मअप समय चार/पाँच वर्ष राख्दा उपयुक्त नै हुन्छ । तर, अन्य सरकारी सेवाको मार्गदर्शक कानुनको रूपमा निजामती सेवा रहादा यसमा गरिएको प्रावधान प्रतिकूल हुनेगरी अन्य सेवाको कानुन बनाउन पाईदैन ।

यसर्थ कि निजामती सेवाका कर्मचारीको उमेर हद बढाउनुपऱ्यो, हैन भने अन्य सरकारी सेवाका कर्मचारीको उमेर हद निजामतीको भन्दा कम हुने व्यवस्था हुनुपऱ्यो । अनि मात्र निजामती सेवा आकर्षक, प्रतिष्ठित र सम्मानित पेसाका रूपमा विकास हुन सक्छ । विभिन्न मुलुकको अभ्यास, दिगो, उत्पादनशील र मर्यादित रोजगारीको अवसर, बेरोजगारी दर, सेवा सर्तको सुरक्षा, सामाजिक सुरक्षा, शिक्षा, प्रतिव्यक्ति आय तथा नागरिकको जीवनस्तर, राज्यको खर्च गर्न सक्ने क्षमतालगायतका विभिन्न सूचकको आधारमा यस विषयमा सरोकारवालासँगको व्यापक छलफल, अन्तर्क्रियाबाट तार्किक निष्कर्षमा पुग्नु आवश्यक छ । नीतिको कार्यान्वयन गर्ने संयन्त्रको उमेर हद वास्तवमा अन्य क्षेत्रको भन्दा बढी हुनुमा नै न्याय होला ।

कर्मचारी विवेकशील समाजको पात्र हो । ज्ञान, सीप, अनुभव, क्षमता र तत्परताले युक्त निजामती कर्मचारी नीति निर्माणमा पेसागत विज्ञता, विशेषज्ञता प्रयोग र प्रदर्शन गरी नीतिको कार्यान्वयनमा समेत आफूलाई अब्बल साबित गराउन प्रयत्नशील रहन्छ । पेसाप्रतिको जिम्मेवारीबोध कर्मचारीले मात्र गर्न सक्छ । बदलिँदो राजनीतिक व्यवस्था, परिवर्तित उपभोगमुखी सामाजिक संस्कार, सूचना प्रविधि एवं विश्वव्यापीकरणको प्रभाव, मानवीय आकांक्षाको बढोत्तरी, आचरणप्रतिको बेवास्ता, राजनीतिप्रतिको निकटता र निकटस्थप्रतिको राजनीतिक संरक्षणाजस्ता कारणाले निजामती कर्मचारीमा गुणात्मक सुधार ल्याउन भने नसकिएको होला । पेसागत व्यावसायिकता, पेसाप्रतिको निष्ठा, कार्यसम्पादनप्रतिको लगनशीलताजस्ता विषयलाई विभिन्न तालिम, अभिमुखीकरण, प्रशिक्षणजस्ता उपकरणद्वारा प्रवर्द्धन गर्न सकिन्छ । तिनका विधि, तरिका, शैली तथा पाठ्यक्रमलाई सरकारद्वारा सम्पादन गरिने करिब २ हजारवटा क्रियाकलापसँग भने तालमेल गर्नुपर्छ । कर्मकाण्डी रूपमा सिद्धान्तका कुरा भजाएर अपेक्षित उद्देश्य पूरा हुन सक्दैन ।

विभिन्न समाचार माध्ययममा आएजस्तो निजामती सेवाको राजपत्रांकित द्वितीय तथा प्रथम श्रेणीमा विद्यमान आन्तरिक प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गर्ने पद्धतिलाई हटाई खुला प्रतियोगितालाई विशिष्टीकृत बनाउने भन्ने विषयले वृत्तिको अवसर पर्छ्याई निजामती सेवामा प्रवेश गरेका आमकर्मचारीमा सेवा सर्तको सुनिश्चितताप्रति अन्योलता उत्पन्न भएको छ । वृत्तिको उपल्लो सिँढीसम्म पुग्ने अपेक्षामा तुषारापात हुनासाथ कर्मचारीको कार्य सम्पादनस्तर बढ्छ भनेर विश्वस्त हुन सकिन्न । हुन त तोकिएको जिम्मेवारी कर्मचारीले पूरा गर्नैपर्छ, यो उसको धर्म पनि हो । तर इनिसिएसन लिएर काम गर्ने मनस्थितिमा ‘जागिरे’ प्रवृत्तिको प्रवेश हुन सक्ने जोखिमप्रति बेलैमा सचेत हुनैपर्छ ।

कर्मचारीले काम नगरी अध्ययन–अध्यापनमा मात्र केन्द्रित भए भन्ने गुनासोको एउटै जवाफ छ : शैक्षिक योग्यता बढाउनेबाहेक अन्य अध्ययन–अध्यापन गर्न पाउनेगरी अनुमति नै नदिने । संगठन र कर्मचारीको व्यवस्था गरेर काम खोज्ने होइन, पर्याप्त कामका लागि पेसागत कर्मचारी र कर्मचारीका लागि संगठनको स्थापना गर्ने हो । त्यसैले त संघको कर्मचारी संख्या आधा घटाउनुपर्ने अवस्था आएको छ । संघलाई कार्यमुखी बनाउने हो भने कर्मचारीलाई कामले फुर्सद निकाल्नै मुस्किल पर्छ । अनि सरुवा प्रणालीलाई भौगोलिक क्षेत्रको अनिवार्य अनुभवसाग तालमेल गरी वैज्ञानिक, पूर्वानुमानयोग्य र पारदर्शी बनाउने तथा बढुवालाई पनि भौगोलिक क्षेत्रको अनिवार्य अनुभव, केन्द्रीय सचिवालयबाहिरको कार्यानुभवलाई अनिवार्य गर्ने हो भने निजामतीमा रहेको विद्यार्थी–शिक्षक प्रवृत्तिमा स्वतः न्यूनता आउँछ ।

सरकारको स्रोत, साधन, समय र श्रमलाई अल्मल्याएर कसैले व्यवसाय सञ्चालन गर्छ भने त्यसको पनि मापदण्ड निर्धारण हुनुपर्छ । संविधानले भनेझैं समानुपातिक समावेशिताको अर्थ बजारमुखी, सुविधामुखी रोजगार प्रणाली कदापि होइन । बरु, आन्तरिक तथा खुला दुवै नरहने र ब्याच वा ज्येष्ठता बढुवाको सुनिश्चितता हुनुपऱ्यो, कि त पाठ्यक्रमविहीन रूपमा दैनिक सेवा प्रवाहसाग सम्बन्धित विषयमा शोधपत्र तयार गर्नेगरी आन्तरिक परीक्षा प्रणालीको विकास हुनुपर्छ । खुला प्रवेशलाई पूरै ढोका बन्द गर्दा पनि केही फरक पर्दैन ।

विगतमा खुलाबाट सेवा प्रवेश गरेकाहरूको प्रोफाइल तथा अभिलेख पनि अब अध्ययनको विषय बन्नुपर्छ । अनुसन्धानबिना आन्तरिक प्रतियोगिता बन्द गर्ने अभ्यासले कर्मचारीको कार्यप्रेरणामा सकारात्मक परिवर्तन ल्याउन सके त असाध्यै राम्रो हो तर यो अन्य विकसित तथा विकासोन्मुख देशको अभ्यासलाई समेत हृदयंगम गरी उचित निष्कर्षमा पुग्नुमा सार्थक हुनेछ । अनि मात्र कानुनको सार्थकता प्रमाणित हुन्छ ।

*(बाँकी ३ पेजमा)*

## अपाङ्गता भएका व्यक्तिहरुलाई खाद्यान्न वितरण

**अनुमोदन समाचार/धनगढी**

कैलालीको जोशीपुर गाउपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई खाद्यान्न राहत वितरण गरिएको छ ।

कमैया प्रथा उन्मुलन समाज कैलालीले जोशीपुर गाउँपालिका वडा नम्बर ६ मा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई आइतबार खाद्यान्न राहत वितरण गरेको जनाएको छ ।

सो गाउँपालिकाका ३१ जना घर परिवारलाई खाद्यान्न राहत वितरण गरिएको परियोजना संयोजक सुरज परियारले बताए । उनीहरुलाई जोशीपुर गाउँपालिकाका वडा अध्यक्ष नन्थुप्रसाद डगौराले खाद्यान्न वितरण गरेका थिए ।

परियोजना संयोजक परियारका अनुसार प्रति परिवार २५ किलो चामल, दुई किलो दाल, एक किलो नुन, दुई वटा साबुन वितरण थियो ।

# वडाध्यक्षमाथि कार्यालयमै कुटपिट

**अनुमोदन समाचार/कञ्चनपुर**

कञ्चनपुरको शुक्लाफाँटा नगर पालिका वडा नम्बर ८ का वडाध्यक्ष बहादुर सिंह महरामाथि आइतबार कार्यकक्षमै कुटपिट भएको छ । नेपाल तरुण दलका वडा सभापति नारद ठगुन्ना सहितको एक समूहले वडाध्यक्ष महरामाथि कुटपिट गर को बताइएको छ ।

उनीहरुले वडाध्यक्ष महरामाथि कुटपिट गर्नुका साथै कार्यालयमा तोडफोडसमेत गरेका छन् । वडाध्यक्ष महर ले वडा कार्यालयमा काम गरिरहेका बेला १०/१२ जनाको समूहले एकाएक आक्रमण गरेको बताए ।

कञ्चनपुर जिल्ला प्रहरी कार्यालयका प्रवक्ता अमरबहादुर थापाले वडाध्यक्ष महर माथि कुटपिट गरेको आरोपमा नारदसहित ६ जनालाई पक्राउ गरेको बताए ।

यसैबीच नगर कार्यपालिकाले प्रेस विज्ञप्ती जारी गरी वडा कार्यालयमा अनाधिकृत रुपमा प्रवेश गरी वडा कार्यालयमा तोडफोड गर्नुका साथै वडाध्यक्ष माथि कुटपिट गर्ने कार्यप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

## हस्तान्तण नहुँदै सडक उप्किन थाल्यो

छ । यस्तै, कान्द्रा नदीदेखि सत्तीसम्म ३२ करोड ६२ लाखमा सम्झौता गरिएको छ भने फूलबारीदेखि कटैनीसम्म २७ करोड ९६ लाख ७५ हजारमा सम्झौता गरिएको जनाइएको छ ।

यी सबै सडक तीन वर्षभित्र सम्पन्न गर्ने गरी शौचन्दा जोशी जेभीले ठेक्का सम्झौता गरेको छ ।

हुलाकी सडक कार्यालयका सूचना अधिकारी मडैले भने –'निर्माण कम्पनिले कार्य अघि बढाउन अहिले सर्भे गरिरहेको छ ।' उनले हुलाकी सडक अलकत्रा प्रविधिमा निर्माण गरिने बताए । 'अहिलेको हुलाकी सडकभन्दा नयाँ प्रविधिबाट काम हुने छ' उनले भने ।

धनगढीको क्याम्पस रोडदेखि कटैनीसम्मको ३१ किलोमिटर हुलाकी सडकको चौडाई अहिले जम्मा तीन दशमलव ७५ किलोमिटर रहेको छ । अहिले नेपाल सरकारबाट निर्माणाधीन हुलाकी सडकको चौडाई सात मिटर रहेको छ ।

'प्रतिनिधि सभा सदस्य नारदमुनि रानाको नेतृत्वको टोलीले सो सडकको डिपिआर तयार गरेको थियो' मडैले भने 'सोही आधारमा सडकको चौडाई बढाउने भनि मंसिरमा बोलपत्र आह्वान गरिएको थियो ।' उनका अनुसार बोलपत्र मंसिरमै जारी गरिएपनि सम्झौता भने असार ३० गतेमात्र भएको थियो । उनले भने –'पुरानो सडकलाई पनि अलकत्रा प्रविधिमार्फनै स्तरोन्नति गरिने छ । जबसम्म एक साइडको सडक निर्माण हुँदैन पुरानो सडकलाई निर्माण कम्पनिले मर्मत गर्ने काम गर्ने छ ।'

## श्रीलंकाका पीडा

भएपनि वर्षाको पानी निकास नहादा निक्कै समस्या भएको बताए ।

'गाउँमा नाला निर्माण नगर्दिा वर्षाको पानी जमेर निक्कै समस्या भएको छ' उनले भने, 'स्थानीयदेखि संघीय सरकारसँग आग्रह गर्दा पनि हाम्रो माग पूरा हुन सकेको छैन ।'

करिब तीन सय परिवार बस्ने सो गाउँले स्थानीयलाई नै जनप्रतिनिधि बनाउन पाएको छैन । भल्मन्सा विनक चौधरी भन्छन्, 'हामीले सबै राजनीतिक दलसँग वडा सदस्यसम्मको टिकट भए पनि उपलब्ध गराउने आग्रह गर्दा समेत कसैले विश्वास गरेन् ।' यो टापु मोहना नदीको बाढीले नै बनाएको ८० वर्ष नाघेका बृद्धि चौधरीले बताए । 'एक पटक मोहनामा ठूलो बाढी आएको थियो' उनले भने–'सोही बाढीले नदीको केही यता गाउँतिर टापु बनायो । तर त्यतिबेला त्यहाँ बस्ती थिएन, अनि टापुको नाम पनि राखिएको थिएन ।'

## निको भए २३०२ जना

रहेका छन् । आइतबारसम्म उनले देशभर कोरोनाका सक्रिय संक्रमितको संख्या पाँच हजार चार सय ४० रहेको छ ।

मन्त्रालयका प्रवक्ता डाक्टर गौतमका अनुसार सुदूरपश्चिममा कोरोना संक्रमितको संख्या चार हजार ८३ पुगेको थियो । देशभर पाँच सय भन्दा बढी संक्रमित रहेका तीन जिल्लामा सुदूरपश्चिम प्रदेशको कैलाली र बाजुरा पनि रहेका छन् । आइतबारसम्म सुदूरपश्चिम प्रदेशमा क्वारेन्टिनमा रहेकाहरुको संख्या चार हजार आठ सय ३३ रहेको छ ।

उनले नेपालमा पछिल्लो २४ घण्टामा थप १३० जनामा कोरोना संक्रमण पुष्टि भएको जनाए । उनका अनुसार २४ घण्टामा ७५ जना संक्रमित निको भएर घर फर्किएका छन् । अहिलेसम्म १३ हजार एक सय २८ जना डिस्चार्ज भएको प्रवक्ता गौतमले बताए । नेपालमा कुल संक्रमितको संख्या १८ हजार ६ सय १३ जना पुगेको छ ।

## निजामती सेवा : उमेर हद र खुला प्रवेश

कर्मचारीको खुसी उसको सेवाको सुरक्षा, सुविधा, वृत्तिको सुनिश्चितता, कार्यशील जीवनको सहजता, आवास एवं परिवार वा सन्ततिको स्वास्थ्य र शिक्षाको सुनिश्चितता र अवकाशपश्चातको सामाजिक सुरक्षामा निर्भर रहन्छ । यहाँ नागरिक, नागरिक समाज, राजनीतिज्ञ, द्विपक्षीय, बहुपक्षीय स्वार्थ र सर्त, कर्मचारीको अपेक्षा र सेवाप्रवाह प्रणालीबीच सन्तुलन गर्नुपर्ने अवस्था छ । यसले शासकीय अवस्थामा सुदृढीकरण, सेवाप्रवाहमा गुणात्मक सुधार, नागरिक खुसीमा बढोत्तरी, कर्मचारी वर्गको मनोबलमा उच्चता तथा सामाजिक–आर्थिक क्षेत्रमा सकारात्मक रूपान्तरण ल्याउन सक्नुपर्छ ।

चालु खर्च धान्न नसक्ने परिस्थितिको निकट भविष्यमै सामना गर्नुपर्ने जोखिमको प्रसंग उठिरहेको विद्यमान अवस्थामा कर्मचारीको संख्या व्यवस्थापन गर्ने विषय बहसको केन्द्र बन्न सक्छ । संस्थागत उपस्थिति मात्र देखाउनेगरी तहगत सरकारका समानान्तर संगठन र संरचना निर्माणमा नियन्त्रण गर्न कस्सिनुपर्ने बेलामा विषयान्तर हुनेगरी निजामती सेवामा उमेर हद तथा छड्के प्रवेशको सूक्ष्म व्यवस्थापनमैत्री प्रसंगले समष्टिगत ब्युरोक्रेसीको मूल्यमा न्याय नहुने पो हो कि भन्ने हुन सक्छ ।

निजामती सेवामा भर्खर सूचना प्रविधिमैत्री जनशक्तिको प्रवेश सुरु भएको छ । सूचना प्रविधिसँग अभ्यस्त हुन नसकेको जनशक्ति अझै केही वर्षसम्म कायम रहन्छ । यसर्थ, निजामती सेवामा अझै केही वर्ष (चार/पाँच वर्ष) उमेर हद बढाउनु तर्कसंगत, युक्तिसंगत छैन । अर्कोतर्फ आन्तरिक प्रतियोगितालाई यथावत् राखी छड्के प्रवेश पूरै हटाउने वा ३५ वर्ष उमेरसम्म मात्र खुलातर्फको उम्मेदवार बन्न पाउने (बहालवाला निजामती कर्मचारीलाई उमेर हद नलाग्ने) व्यवस्था गरिनु सान्दर्भिक हुन्छ । अतः राजनीतिक परिवर्तनको अनुभूति हुनेगरी नागरिक अपेक्षाको व्यवस्थापन तथा कर्मचारीमा आशाको सञ्चार गर्न सक्ने वृत्तिको सुनिश्चित प्रणाली निर्माण हुनेगरी उमेर हद, छड्के प्रवेशलगायतका विषयमा सरोकारवाला पक्षसँग नीतिगत तहमा सघन छलफल हुन आवश्यक छ ।

*साभारः राजधानी दैनिक*


**धनगढी उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**

**संधियारको नाममा जारी १५ दिने सूचना**

यस उपमहानगरपालिकाको वडा नं. १२ कित्ता नं. ३६३ क्षेत्रफल ६९५ बर्ग मिटरमा भवन निर्माण गर्ने घरधनी श्री गोपालसिंह अयरले यस नपामा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न संधियारको नाममा सूचना प्रकाशित गरिएको छ । निवेदन साथ पेश हुन आएको प्रमाण र नक्साको आधारमा निर्माण स्वीकृति दिँदा तपाईको जग्गाको हानीनोक्सानी हुन्छ, हुँदैन, सन्धि सर्पन हानीनोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सबुत प्रमाणसहित नगरपालिकामा उजुर गर्नु हुन सुचित गरिन्छ । अन्यथा कानुन बमोजिम नक्सा पास भइजाने व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**पूर्वः** सडक | **पश्चिमः** आफै (गोपालसिंह अयर
**उत्तरः** धनबहादुर खडका | **दक्षिणः** तारा ऐर



**नेपालको संविधानमा महिलाका अधिकार**

**नेपालको संविधानमा महिलाका हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**


- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने । लैंगिक विभेद अन्त्य गर्ने ।
- आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने लगायतका नागरिकता सम्बन्धी विषय माथि नागरिकताको शीर्षक अन्तर्गत उल्लेख गरे बमोजिम हुने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुने ।महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने ।
- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य दण्डनीय हुने तथा पीडितले क्षतिपूर्ति पाउने ।
- राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागीता रहने ।
- महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने ।
- सामाजिक रुपले पछाडि परेका महिला, समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिलासमेतले सामाजिक सुरक्षा पाउने हक हुने ।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्ने ।
- जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने ।
- प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने ।
- बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्यांकन गर्ने ।
- मुक्त कम्हलरी, भूमिहीन, सुकुम्बासीहरुको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने ।
- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीको लागि उम्मेदवारी दिंदा महिलालाई समेत समावेश गरी बन्दसूची तयार गर्ने ।
- संघीय संसद र प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी सुनिश्चित गरिएको ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला निर्वाचित हुने र मनोनीत गर्दा कम्तीमा एक जना महिला समावेश गर्नु पर्ने ।
- प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने ।
- प्रदेश सभामुखवा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने ।
- गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा चार जना महिला सदस्य रहने ।
- जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने ।
- गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउसभा र नगरसभाको गठन हुने ।
- राष्ट्रिय महिला आयोग संवैधानिक निकायको रुपमा रहने र सोका अध्यक्षर सदस्यहरु महिला मात्र रहने ।
- राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने ।
- नेपाली सेनामा महिलाको समेतका प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक निकाय र अन्य निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना विभाग**


**रंगीन संसार**

# सुशान्तको 'दिल बेचरा'को नयाँ रेकर्ड



बिहिबार बेलुकी डिजिटल प्लेटफर्ममा रिलिज भएको नायक सुशान्त सिंह राजपुत अभिनित अन्तिम चलचित्र 'दिल बेचरा'ले नयाँ रेकर्ड राखेको छ । यो चलचित्रलाई २४ घन्टा भन्दा कम समयमा ७ करोड ५० लाख भन्दा बढी भ्यूज मिलेको छ । यो कुनै पनि भारतीय चलचित्रलाई डिजिटल प्लेटफर्ममा मिलेको सर्वाधिक धेरै भ्यूज हो ।

लभ स्टोरी कथामा बनेको यो चलचित्रको ट्रेलरले पनि युटुबमा नयाँ रेकर्ड राखेको थियो । यो चलचित्रको ट्रेलरलाई युटुबमा १ करोड भन्दा बढी लाइक्स मिलेको छ ।

यो चलचित्रमा सुशान्त सिंह राजपुत, सन्जना साँघी लगायतका कलाकारको अभिनय छ । मुकेश छावराको निर्देशनमा तयार भएको यो चलचित्रलाई दर्शकले अत्याधिक रुचाएका छन् । ए आर रहमानको संगीत रहेको चलचित्रलाई हटस्टारमा रिलिज गरिएको हो ।

## तपाईंको आजको दिन

**मेष** : *(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)* मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । वस्त्र लाभपनि हुनेछ ।

**मिथुन** : *(का, कि, कु, घ, ङ, छ, के, को, हा)* धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । भौतिक साधन जुटाउने समय छ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ ।

**सिंह** : *(मा. मि. मु. मे. मो. टा. टि. टु, टे)* भाग्यले विभिन्न अवसर जुराउनेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ मिल्नेछ । मुद्धा मामिलामा सफलता मिल्नेछ ।

**वृश्चिक** : *(तो. ना, नि, नु, ने, नो, या, यी, यु)* आजको दिन गरेका काममा ढिलासुस्ती हुनेछ । बोलीको विपरीत अर्थ लाग्न सक्छ संयम रहनु होला । दिनको उत्तरार्धमा अधिक धन खर्च हुनेछ ।

**मकर** : *(भो, जा, जि, खि, खो, खे, गा, गि)* वद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरुको विश्वास जित्न सकिनेछ । आकस्मिक धन लाभ हुनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।

**कन्या** : *(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)* ाज मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ ।

**वृष** : *(इ, उ, ए, ओ, वा, वी, वे, वु, वो)* शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** : *(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)* समय प्रतिकुल भई कुलतमा मन जानेछ । घर परिवारमा झैं–झमेलाको अवस्था आउला । लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला ।

**तुला** : *(र, रि, रु, रे, रो, ता, ति, तु, ते)* आज धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । राज्यबाट मानसम्मान मिल्नेछ । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । वाहान सुखपनि मिल्नेछ ।

**धनु** : *(यो, ये, मा, भि, भु, ध, फा, ढ, भे)* आज लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिन छ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**कुम्भ** : *(गु, गे, गो, सा, सि, सु, से, सो, द)* अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । धार्मिक/सांस्कृतिक सभा–समारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**मीन** : *(दी, दु, थ, झ, ञ, दे, दो, चा, चि)* स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको भलाइका लागि दौडधूप गर्नु पर्नेछ । घरायसी विवाद बढ्नेछ । चोटपटकपनि लाग्न सक्नेछ ।

# हत्याका आरोपी आठ वर्षपछि पक्राउ



**अनुमोदन समाचार/धनगढी**

जिल्ला प्रहरी कार्यालय कैलालीले एक जना हत्याका आरोपीलाई आठ वर्ष सात महिनापछि पक्राउ गरेको छ ।

२०६८ मंसिर १८ गते धनगढी उपमहानगरपालिका वडा नम्बर १ का सुरेन्द्रबहादुर सिंहको हत्याको अभियोग लागेका सुवर्ण श्रेष्ठलाई प्रहरीले शनिबार पक्राउ गरेको जनाएको छ । अभियुक्त सुवर्णलाई प्रहरीले आइतबार कैलाली जिल्ला अदालतमा हाजिर गराएको छ ।

धनगढी उपमहानगरपालिका वडा नम्बर ८, दुर्गा मन्दिरमा गएका सुरेन्द्रलाई सुवर्णसहित दुई जनाले कुटपिट गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रतिक विष्टले जनाए ।

प्रहरीका अनुसार सो हत्या घटनामा अभियुक्त दुई जना मध्ये एक जनालाई कैलाली जिल्ला अदालतले जन्म कैदको फैसला सुनाएको थियो । प्रहरीले फरार अभियुक्त सुवर्णलाई धनगढी उपमहानगरपालिका वडा नम्बर ९ मा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको प्रहरी नायव उपरीक्षक विष्टले बताए ।

# सुस्त मनस्थितिकी किशोरी बलात्कृत

**अनुमोदन समाचार/डडेल्धुरा**

डडेल्धुरामा मानसिक अवस्था कमजोर रहेकी एक किशोरी बलात्कृत भएकी छिन् ।

जिल्लाको भागेश्वर गाउँपालिका वडा नम्बर ४ की १५ वर्षीया बालिकालाई ललाईफकाई पाँच महिनादेखि बलात्कार हुदै आएको खुलेको छ ।

उनलाई सोही ठाउका ५२ वर्षीय डम्बरसिंह साउद र ४५ वर्षीय भोजबहादुर साउदले बलात्कार गर्ने गरेको पीडित बालिकाले बताएकी छन् ।

बालिकाको महिनावारी रोकिएको र स्वास्थ्यमा समस्या देखापरेपछि स्वास्थ्य चेकजाँचका क्रममा ती किशोरीमा चार महिनाको गर्भ रहेको खुलेको पीडित किशोरीकी आमाले बताइन ।

आरोपित दुवै जना विरुद्ध शुक्रबार जिल्ला प्रहरी कार्यालयमा पीडित किशोरीका आफन्तहरुले उजुरी दर्ता गराएका थिए ।

उजुरीपछि प्रहरीले आरोपितमध्ये एक जनालाई सोही दिन र अर्कालाई शनिबार पक्राउ जिल्ला प्रहरी कार्यालय डडेल्धुराका प्रवक्ता प्रहरी निरीक्षक विरेन्द्र बहादुर बोहराले बताए ।


## धनगढी उप-नगरपालिका
### नगर कार्यपालिकको कार्यालय

### नगरबासीमा हार्दिक अपील

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) फैलिन नदिन उच्च सतर्कता अपनाउनु आवश्यक छ । यसको जोखिमसंग जुँध्न चुस्त बन्दोबस्त गरिएन भने त्यसले ठूलो मानवीय क्षति निम्त्याउने खतरालाई बुझेर उपमहानगरको श्रोत साधनले भ्याएसम्म सतर्कता, चेकजांचमा जुटेको व्यहोरा सादर निवेदन गर्दछौं ।

सतर्कता, कोभिड १९ को चेकजांच र कार्यमा सबै क्षेत्रबाट सहयोग पुगिरहेको छ । अझैपनि उमहानगरपालिका आआफ्नो ठाउँबाट सहकार्य र समन्वयलाई निरन्तरता दिनहुन राजनितिकदल नगरबासी, स्थानीय प्रशासन र राष्ट्र सेवक सुरक्षाकर्मीहरु, नेपाल रेडक्रस सोसाईटी धनगढी,ब्यापारी लगायतका सामाजीक संघसंस्थाहरु संग समेत हार्दिक अपिल गर्दछ ।

सरकारले कोभिड१९ (कोरोना भाईरस) को संक्रमण फैलन नदिन बैशाख १५ गते सम्मका लागि सिंगो देश लकडाउन गरेको छ । सरकारले निर्णयको पालना गर्न सम्पूर्ण नगरवासीमा अनुरोध गर्दछौं । अहिले खाद्यान्न र तरकारीका पसल बन्द रहेकाले अतिआवश्यक दैनिक उपभोग्य बस्तुको होम डेलिभरी गरि दिनहुन उद्योग वाणिज्य संघ कैलाली, किराना ब्यावसायी संघ कैलाली, दुग्ध ब्यावसायी, तरकारी ब्यावसायी लगायतका सबैमा आग्रह गर्दछौं ।

भारत र तेश्रो मुलुकहरुबाट फर्किएका आफ्नै परिवारको सदस्य भएपनि २१ दिन सम्म घरमा छुट्टै राख्न , रुमाल, लत्ताकपडा लगायतका बस्तुहरुबाट सजिलै भाइरस सर्नसक्ने भएकाले एक अर्कोलाई प्रयोग गर्न नदिन अनुरोध गर्दछौं । लकडाउनका कारण छाक टार्न समस्या भएका परिवारले सम्बन्धीत वडाका वडा अध्यक्ष, स्थानीय प्रशासन र नेपाल रेडक्रस सोसाईटीका प्रतिनिधीहरु संग समन्वय गरेमा सम्वन्धीत ठाउँमा नै खाद्यान्न उपलब्ध गराउने ब्यबस्था गरिएको जानकारी गराउन चाहन्छौं । खाद्यान्न खरिद गर्न सक्ने, जगेडा खाद्यान्न भएको परिवारलाई राहात नलिन र लिएको पाइएमा कडा कार्वाही गरिने ब्यहोरा अवगत गराउँछौं ।

साथै कोरोनाको जोखिमबाट बच्नका लागि मास्कको प्रयोग गर्न, पटक पटक साबुन पानीले हात धुन, सरसफाईमा ध्यान दिन र ज्वरो आउने, थकाई लाग्ने, सुख्खा खोकी लागिर हेमा स्वास्थ्यकर्मीको परामर्श लिन सबैमा हार्दिक आह्वान गर्दछौं ।

**सुशीला मिश्र भट्ट**
नगर उपप्रमुख

**नृपबहादुर वड**
नगरप्रमुख







# छुट्टाछुट्टै घटना...

शनिबार साँझ घाँस काट्न गएका बेला च्वाँगड लघुजलविद्युत आयोजनाको मेन तारमा छुँदा करेन्ट लागेर जुनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

बझाङमा घाँस काट्ने क्रममा भिरवाट लडेर एक महिलाको मृत्यु भएको छ । आइतबार बिहान घाँस काट्न गएकी जयपृथ्वी नगरपालिका वडा नम्बर १ भण्डाराकी २६ वर्षीया शर्मिला विष्टको भीरबाट लडेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

घाँस काट्ने ठाउमा पुगेको एक घण्टा पछि भिरबाट खसेर गम्भीर घाइते भएकी शर्मिलाको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ ।


## विशेष छुटका साथ

### अब चौधरी फेसन टेलर्समा

हाम्रो यहाँ जुनसुकै किसिमका कोटपाईन्ट, सर्ट, आसकोट, दाउरा सुरुवाल, जुहारी कोट, टाई, टोपीहरू सिलाउनुका साथै स्कुल ड्रेस, क्याम्पस ड्रेस, निजामती कर्मचारीहरूको ड्रेस तथा थान कपडाहरू सुपथ मूल्यमा विक्री गर्नुका
साथै सिलाई पनि गरिछ ।

रेडिमेट कोटपाईन्ट तथा क्याम्पस ड्रेस कोटपाईन्ट मात्र रु. ३५००।- मा

प्रो. विष्णु चौधरी
(९८४८४७१३४१)

**चौधरी फेसन टेलर्स**
धनगढी उपमहानगरपालिका (जिप्रका पुल नजिक)



## सामाजिक विकास मन्त्रालयद्धारा जनहितमा जारी सन्देश

# कोभिड-१९ का मुख्य लक्षणहरु




*नोवेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउँको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**




## सामाजिक विकास मन्त्रालय
सुदूरपश्चिम प्रदेश
नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा



# एडुपल नेपाल विशेष तयारी कक्षा

- नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड
- शाखा अधिकृत, ना.सु., खरिदार, महिला विकास
- प्रहरी निरीक्षक(इन्सपेक्टर), प्र.सहायक निरीक्षक, (अ.स.ई.), प्रहरी जवान, नेपाली सेना
- अ.हे.व., अ.न.मी.,H.A., STAFF NURSE
- SEE ब्रिजकोर्ष
- Korean Language Class

**लोक सेवा तयारी कक्षा प्रशिक्षकहरूको नाम**

डा. टोकराज पाण्डेय | गोकर्णप्रसाद उपाध्याय | बद्रीप्रसाद कार्की
सुभाष अर्याल | विकास अधिकारी

- नेपालकै प्रख्यात लेखकतथा विज्ञहरूबाट कक्षा सञ्चालन
- विगतका परीक्षाहरुमा उत्कृष्ट नतिजा दिलाउन सफल
- होस्टेलको व्यवस्था भएको

कक्षा सञ्चालन : विहान र बेलुका

**Edupal Nepal**
The Complete Education & Training Hub
Ratopool, Dhangadhi,kailali,
Tel: 091-523368


अनुमोदन दैनिकका लागि प्रकाशक/कार्यकारी सम्पादकः प्रकाशविक्रम शाह, प्रबन्ध सम्पादकः भरत शाह , सह-सम्पादकः श्रवण देउवा, कार्यालयः पार्कमोड, धनगढी, कैलाली
फोन नं. ०९१-५२४३४८/५२५७६३, Email: anumodan.daily@gmail.com, Website: www.anumodankhabar.com, मुद्रणः समैजी अफसेट प्रेस, धनगढी, प्रधान सम्पादकः मनमोहन स्वाँर